स्टार्टअप व्यवसायलाई कर्जा प्रवाह गर्ने सम्बन्धी कार्यविधि, २०७८

मस्यौदा: २०७८/०३/१४

<u>प्रस्तावना:</u> नवीनतम ज्ञान, सोच, सीप र क्षमता भएको युवा उद्यमीलाई नवप्रवर्तनात्मक व्यवसायमा संलग्न हुन उत्प्रेरित गर्ने उद्देश्यले सहुलियतपूर्ण कर्जा प्रवाह गर्ने सम्बन्धी काम कारबाहीलाई सरल, स्पष्ट, व्यवस्थित र प्रभावकारी बनाउन वाञ्छनीय भएकोले,

विनियोजन अध्यादेश, २०७८ को दफा ९ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायको कार्यविधि बनाएको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भ:</u>** (१) यस कार्यविधिको नाम "स्टार्टअप व्यवसायलाई कर्जा प्रवाह गर्ने सम्बन्धी कार्यविधि, २०७८" रहेको छ।

(२) यो कार्यविधि तुरून्त प्रारम्भ हुनेछ।

२. **<u>परिभाषा:</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा, -

(क) "आयोग" भन्नाले राष्ट्रिय योजना आयोग सम्झनु पर्छ।

(ख) "उद्यमी" भन्नाले स्टार्टअप व्यवसाय गर्ने युवा उद्यमी वा व्यवसायी सम्झनु पर्छ र सो शब्दले त्यस्तो व्यवसाय गर्ने युवा सम्मिलित प्रोप्राइटरसिप फर्म, साझेदारी फर्म वा कम्पनीलाई समेत जनाउँछ।

(ग) "कर्जा" भन्नाले स्टार्टअप व्यवसायको लागि दफा १० बमोजिम बीऊ पुँजीको रूपमा प्रदान गरिने सहुलियतपूर्ण कर्जा सम्झनु पर्छ।

(घ) "कार्यकारी समिति" भन्नाले दफा ६ बमोजिमको कार्यकारी समिति सम्झनु पर्छ।

(ङ) "निर्देशक समिति" भन्नाले दफा ५ बमोजिमको निर्देशक समिति सम्झनु पर्छ।

(च) "परियोजना प्रस्ताव" भन्नाले दफा ४ बमोजिमको क्षेत्रमा स्टार्टअप व्यवसाय गर्ने उद्देश्यले तयार गरेको विस्तृत व्यावसायिक कार्ययोजना सम्झनु पर्छ।

(छ) "बैङ्क" भन्नाले प्रचलित कानून बमोजिम नेपाल राष्ट्र बैङ्कबाट “क” वर्गको इजाजतपत्र प्राप्त गरी स्टार्टअप व्यवसायका लागि कर्जा प्रवाह गर्न नेपाल राष्ट्र बैङ्कले तोकेको वाणिज्य बैङ्क सम्झनु पर्छ।

(ज) “मन्त्रालय” भन्नाले अर्थ मन्त्रालय सम्झनु पर्छ।

(झ) “विद्युतीय पोर्टल” भन्नाले कर्जा प्रवाह सम्बन्धी परियोजना प्रस्ताव आह्वान, सङ्कलन, प्रशोधन र अभिलेखीकरण लगायत तत्सम्बन्धी अन्य विश्लेषणात्मक कार्य गर्नका लागि तयार गरिएको वेभसाईट सम्झनु पर्छ

(ञ) "स्टार्टअप व्यवसाय" भन्नाले दफा ३ बमोजिमको व्यवसाय सम्झनु पर्छ।

३. **<u>स्टार्टअप व्यवसायः</u>** (१) कर्जा प्रवाह गर्ने प्रयोजनको लागि युवा उद्यमीबाट सञ्चालित देहायको मापदण्ड मध्ये न्यूनतम चार मापदण्ड पूरा गरेका व्यवसायलाई स्टार्टअप व्यवसाय मानिनेछः-

(क) वस्तु उत्पादन वा सेवा प्रवाहमा नवीन ज्ञान, सोच, सीप वा प्रविधिको प्रयोग भएको,

(ख) मौजुदा उत्पादन प्रणालीमा सुधार गरी आधुनिक प्रणालीको माध्यमबाट उत्पादन हुने वा भएको,

(ग) छोटो समयमा नै द्रुततर स्तरवृद्धि गर्न सक्ने सम्भावना भएको,

(घ) गत आर्थिक वर्षको कुल खर्च मध्ये कम्तीमा दश प्रतिशत अंश अनुसन्धान, बजारीकरण वा वस्तु तथा सेवा विकासका लागि खर्च गरेको,

(ङ) कर्जा प्राप्तिको लागि आवेदन गर्ने रकमको न्यूनतम दश प्रतिशत चुक्ता पुँजी रहेको,

(च) पूर्णकालीन कामदारको सङ्ख्या बीस भन्दा बढी नभएको।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको व्यवसायको लागि यस कार्यविधि बमोजिम कर्जा प्रवाह गरिने छैनः-

(क) प्रचलित कानून बमोजिम नेपालभित्र दर्ता नभएको,

(ख) कर प्रयोजनको लागि स्थायी लेखा नम्बर नलिएको,

(ग) वस्तु वा सेवाको खरिदबिक्रीको (एजेन्सी मोडलको) कार्य गर्ने,

(घ) भइरहेको अन्य कम्पनीलाई टुक्र्याएर बनाइएको,

(ङ) प्रस्ताव पेश गर्दाको समयमा स्थापना भएको एक वर्ष अवधी पूरा नभएको वा सात वर्ष अवधि पूरा भैसकेको,

(च) गत आर्थिक वर्षको व्यवसायिक कारोबार एक करोड रुपैया भन्दा बढी भएको,

(छ) कर्जा सूचना केन्द्रबाट कालो सूचीमा रहेको,

(ज) प्रस्तावित परियोजनाको लागि नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहबाट अन्य कुनै अनुदान वा सहुलियत लिएको, र

(झ) गैरनाफामूलक उद्देश्यले सञ्चालित।

४. **<u>उद्यमको क्षेत्रः</u>** स्टार्टअप व्यवसायको रूपमा सञ्चालन गर्न सकिने उद्यमका क्षेत्र देहायबमोजिम हुनेछन् :-

(क) कृषि तथा पशुपन्छीमा आधारित उद्यम,

(ख) वन (जडीबुटी, वन पैदावार) मा आधारित उद्यम,

(ग) पर्यटन प्रवर्द्धन तथा मनोरञ्जन र अतिथि सत्कारसँग सम्बन्धित उद्यम,

(घ) वैकल्पिक ऊर्जा उत्पादन तथा वितरणसँग सम्बन्धित उद्यम,

(ङ) विज्ञान, सूचना प्रविधि तथा सञ्चारमा आधारित उद्यम,

(च) स्वास्थ्य सेवासँग सम्बन्धित उद्यम,

(छ) शिक्षा तथा शिक्षण सिकाईसँग सम्बन्धित उद्यम (परामर्शदाता, ट्यूशन सेन्टर, कोचिङ् क्लास, भाषा सिकाई बाहेक),

(ज) घरायसी वा दैनिक जीवनयापनलाई सरल, सहज, सुरक्षित बनाउन सहयोग पुग्ने उद्यम,

(झ) वातावरण संरक्षण तथा फोहोरमैलाको व्यावसायिक व्यवस्थापनसँग सम्बन्धित उद्यम,

(ञ) सहज र सुरक्षित यातायात तथा पारवहन सेवासँग सम्बन्धित उद्यम,

(ट) विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनसँग सम्बन्धित उद्यम,

(ठ) निर्माण कार्यसँग सम्बन्धित उद्यम,

(ड) अटोमोबाइलसँग सम्बन्धित उद्यम (मर्मत सम्भार बाहेक),

(ढ) परम्परागत प्रविधि वा उत्पादन प्रक्रियाको सुधारसँग सम्बन्धित उद्यम,

(ण) निर्देशक समितिले तोकेको अन्य उद्यम।

५. **<u>निर्देशक समितिः</u>** (१) स्टार्टअप व्यवसायलाई कर्जा प्रवाहको समन्वय, सहजीकरण गर्न तथा कार्यकारी समितिलाई आवश्यक निर्देशन दिन देहाय बमोजिमको एक निर्देशक समिति रहनेछः-

(क) आयोगको उपाध्यक्ष वा निजले तोकेको आयोगको सदस्य	- संयोजक
(ख) सचिव, अर्थ मन्त्रालय	- सदस्य
(ग) सचिव (उद्योग हेर्ने), उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय	- सदस्य
(घ) डेपुटी गभर्नर, नेपाल राष्ट्र बैङ्क,	- सदस्य
(ङ) अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासङ्घ	- सदस्य
(च) अध्यक्ष, नेपाल च्याम्बर अफ कमर्श	- सदस्य
(छ) अध्यक्ष, नेपाल उद्योग परिसङ्घ	- सदस्य
(ज) अध्यक्ष, नेपाल घरेलु तथा साना उद्योग महासङ्घ	- सदस्य
(झ) अध्यक्ष, नेपाल महिला उद्यमी महासङ्घ	- सदस्य
(ञ) अध्यक्ष, नेपाल बैङ्कर्स एसोसिएशन	- सदस्य
(ट) कार्यकारी निर्देशक, कार्यकारी समिति	- सदस्य सचिव

(२) निर्देशक समितिको बैठक यो कार्यविधि जारी भएको मितिले तीस दिनभित्र पहिलो पटक र तत् पश्चात आवश्यकता अनुसार समितिको संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

तर दुई बैठक बिचको अवधि सामान्यतया तीन महिनाभन्दा बढी हुने छैन।

(३) निर्देशक समितिको बैठकमा आवश्यकता अनुसार सम्बन्धित क्षेत्रका विषय विज्ञ तथा पदाधिकारीलाई आमन्त्रण गर्न सकिनेछ।

मस्यौदा

(४) निर्देशक समितिको बैठक सम्बन्धी अन्य व्यवस्था तथा कार्यसञ्चालन विधि सो समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

(५) यस कार्यविधिमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) स्टार्टअप व्यवसायलाई कर्जा प्रवाह गर्न कार्यकारी समिति तथा अन्य सरोकारवाला निकायसँग समन्वय र सहजीकरण गर्ने,

(ख) कार्यकारी समितिको प्रतिवेदन माथि छलफल गरी सुधार गर्नुपर्ने विषय र क्षेत्रका सम्बन्धमा सो समितिलाई आवश्यक निर्देशन दिने,

(ग) कर्जाको माग र स्रोतको उपलब्धताको बिचमा सन्तुलन कायम गर्न तथा आवश्यकता अनुसार थप स्रोतको प्रबन्ध गर्न नेपाल सरकारलाई सिफारिस गर्ने,

(घ) कर्जा प्रवाहको समग्र आवश्यकता, औचित्यता र उपादेयता तथा नतिजाको मूल्याङ्कन गरी आवश्यक नीतिगत परिमार्जनको लागि नेपाल सरकारलाई सुझाव दिने,

(ङ) परियोजना कार्यान्वयनको चरणमा आउन सक्ने समस्या समाधान गर्ने गराउने।

६. **कार्यकारी समितिः** (१) सहुलियतपूर्ण कर्जा प्रवाहको लागि प्राप्त हुन आएका परियोजना प्रस्तावहरूको मूल्याङ्कन र छनौट गरी कर्जा प्रवाहको लागि सिफारिस गर्न देहाय बमोजिमको कार्यकारी समिति रहनेछः-

(क) आयोगले तोकेको आयोगमा कार्यरत सहसचिव	- कार्यकारी निर्देशक
(ख) उपसचिव, अर्थ मन्त्रालय	- सदस्य
(ग) उपसचिव, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय	- सदस्य
(घ) प्रतिनिधि, नेपाल उद्योग वाणिज्य महासङ्घ	- सदस्य
(ङ) प्रतिनिधि, नेपाल उद्योग परिसङ्घ	- सदस्य
(च) प्रतिनिधि, नेपाल च्याम्बर अफ कमर्श	- सदस्य
(छ) प्रतिनिधि, नेपाल घरेलु तथा साना उद्योग महासङ्घ	- सदस्य
(ज) प्रतिनिधि, नेपाल बैङ्कर्स एशोशियसन	- सदस्य
(झ) उपसचिव, कार्यकारी समितिको सचिवालय	- सदस्य सचिव

(२) कर्जाका लागि प्राप्त हुन आएका र छनौट तथा सिफारिस गर्नु पर्ने प्रस्तावको सङ्ख्याको आधारमा कार्यकारी समितिको बैठक आवश्यकता अनुसार कार्यकारी निर्देशकले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(३) कार्यकारी समितिको बैठकमा आवश्यकता अनुसार प्रस्तावसँग सम्बन्धित मन्त्रालयको प्रतिनिधि र सम्बन्धित क्षेत्रका विषय विज्ञ तथा पदाधिकारीलाई आमन्त्रण गर्न सकिनेछ।

(४) कार्यकारी समितिको बैठक सम्बन्धी अन्य व्यवस्था तथा कार्यसञ्चालन विधि सो समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

(५) यस कार्यविधिमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त कार्यकारी समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) स्टार्टअप व्यवसायमा कर्जा प्रवाहको लागि दफा ३ बमोजिमको मापदण्ड पुरा भएका व्यवसायीबाट परियोजना प्रस्ताव आव्हान गर्ने,

(ख) स्टार्टअप व्यवसायको लागि कर्जा माग गर्ने प्रस्तावित परियोजनाको विवरण तयार गर्ने,

(ग) परियोजनाको पहिचान, मूल्याङ्कन र छनौट गरी कर्जा प्रवाहको सीमा सहित बैङ्कलाई सिफारिस गर्ने,

(घ) कर्जा प्रवाहका लागि छनौट भई सिफारिस गरिएका परियोजना सम्बन्धमा निर्देशक समिति र नेपाल राष्ट्र बैङ्कलाई जानकारी गराउने,

(ङ) परियोजनाको कार्यान्वयनको सम्बन्धमा स्थलगत सुपरीवेक्षण, अनुगमन तथा मूल्याङ्कन गर्ने गराउने,

(च) कर्जा लिई समयमा व्यवसाय नगर्ने व्यक्तिको परियोजना रद्द गरी कर्जा असुलीको प्रक्रिया चलाउन बैङ्कलाई अनुरोध गर्ने,

(छ) परियोजनाको प्रभावकारी कार्यान्वयन गर्ने उद्यमीलाई पुरष्कृत गर्न निर्देशक समितिसमक्ष सिफारिस गर्ने, र

(ज) समितिले गरेको कामको त्रैमासिक तथा वार्षिक प्रतिवेदन तयार गरी निर्देशक समिति समक्ष पेश गर्ने।

७. **<u>कार्यकारी समितिको सचिवालयः</u>** (१) कार्यकारी समितिको सचिवालय आयोगमा रहनेछ।

(२) उपदफा (१) बमोजिमको सचिवालयमा आयोगले एक जना राजपत्राङ्कित द्वितीय श्रेणी (उपसचिवस्तर) को कर्मचारी र आवश्यकता अनुसार अन्य कर्मचारीको प्रबन्ध मिलाउने छ।

(३) उपदफा (१) बमोजिमको सचिवालयले यस कार्यविधिमा अन्यत्र उल्लेख भएका कार्यको अतिरिक्त देहायको कार्य गर्नुपर्नेछः-

(क) कर्जा प्रवाहका लागि परियोजना प्रस्ताव आह्वान, सङ्कलन र अभिलेखीकरण सम्बन्धी विद्युतीय पोर्टलको स्थापना र सञ्चालन गर्ने,

(ख) प्राप्त परियोजना प्रस्ताव दफा ३ बमोजिमको मापदण्ड अनुरूप भए वा नभएको सम्बन्धमा तुलनात्मक विवरण तयार गर्ने,

(ग) प्रस्तावित परियोजना मूल्याङ्कन, छनौट र सिफारिस सम्बन्धी कार्यको लागि कार्यकारी समिति समक्ष पेश गर्ने,

(घ) कार्यकारी समितिले छनौट तथा सिफारिस गरेको परियोजनालाई कर्जा प्रवाहको लागि बैङ्कमा लेखी पठाउने, र

(ङ) कार्यकारी समितिले तोके बमोजिमका अन्य कार्य गर्ने।

८. **परियोजना प्रस्ताव आह्वानः** (१) यस कार्यविधि बमोजिमको कर्जा लिन इच्छुक स्टार्टअप व्यवसाय गर्ने उद्यमीले परियोजना प्रस्ताव पेश गर्नका लागि कार्यकारी समितिले एक्काइस दिनको म्याद दिइ सार्वजनिक सूचना प्रकाशन गर्नेछ।

(२) उपदफा (१) बमोजिमको सूचना राष्ट्रियस्तरको दैनिक पत्रिकाको अलावा आयोग, अर्थ मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको वेवसाइट र दफा ७ को उपदफा (३) को खण्ड (क) बमोजिमको विद्युतीय पोर्टल समेतमा प्रकाशन गर्नुपर्नेछ।

(३) उपदफा (१) बमोजिमको सूचनाका आधारमा कर्जा लिन इच्छुक दफा ३ बमोजिमको योग्यता पुगेको उद्यमीले विद्युतीय पोर्टलमार्फत तोकिएको अवधिभित्र परियोजना प्रस्ताव पेश गर्न सक्नेछ।

तर एक उद्यमीले एकभन्दा बढी प्रस्ताव पेश गर्न सक्नेछैन।

(४) उपदफा (३) बमोजिम पेश गर्ने प्रस्ताव अनुसूची-१ बमोजिमको ढाँचामा विद्युतीय पोर्टलबाट उपलब्ध हुनेछ। प्रस्ताव नेपाली वा अङ्ग्रेजी भाषामा पेश गर्न सकिनेछ।

(५) उपदफा (३) बमोजिम प्राप्त प्रस्तावहरू रूजु गरी प्रमाणीकरण गरेर कार्यकारी समितिको सचिवालयले परियोजना प्रस्ताव पेश गर्ने म्याद समाप्त भएको सात दिनभित्र कार्यकारी समिति समक्ष पेश गर्नु पर्नेछ।

९. **परियोजना प्रस्ताव छनौटः** (१) दफा ८ को उपदफा (५) बमोजिम सचिवालयबाट पेश भएको परियोजना प्रस्तावको मूल्याङ्कन गरी कार्यकारी समितिले सो समितिमा पेश भएको तीस दिनभित्र परियोजनाको छनौट तथा कर्जा प्रवाहको लागि सिफारिस गर्नुपर्नेछ।

(२) परियोजना प्रस्तावको मूल्याङ्कन गरी उपयुक्त प्रस्ताव छनौटका लागि सिफारिस गर्न कार्यकारी समितिले देहाय बमोजिमको तीन सदस्यीय प्रस्ताव मूल्याङ्कन उपसमिति गठन गर्नेछः-

(क) प्रस्तावसँग सम्बन्धित नेपाल सरकारको विषयगत मन्त्रालयको राजपत्राङ्कित द्वितीय श्रेणीको अधिकृत - संयोजक

(ख) प्रतिनिधि, कर्जा प्रवाह गर्न तोकिएको बैङ्क - सदस्य

(ग) कार्यकारी समितिका अन्य सदस्यहरू मध्येबाट एक जना - सदस्य

(३) उपदफा (२) बमोजिम प्रस्ताव मूल्याङ्कन उपसमिति गठन गर्दा कर्जाका लागि प्राप्त भएको परियोजना प्रस्तावको सङ्ख्या र व्यवसायको क्षेत्र अनुरूप सम्बन्धित विषयगत मन्त्रालयको प्रतिनिधि समेतलाई आधार बनाई एकभन्दा बढी उपसमिति गठन गर्न सकिनेछ।

(४) परियोजना प्रस्तावको मूल्याङ्कन गर्दा परियोजना प्रस्ताव र प्रस्तुतीकरणलाई समेत आधार मानी अनुसूची-२ बमोजिमको आधारमा मूल्याङ्कन गर्नुपर्नेछ।

(५) परियोजना मूल्याङ्कनको क्रममा प्रस्तुतिको लागि परियोजना प्रस्तावक उद्यमीलाई स्वयं उपस्थित भई वा भर्चुअल माध्यमबाट प्रस्तुतीकरण गर्न लगाउन सकिनेछ।

(६) उपदफा (४) बमोजिम मूल्याङ्कन गरिएको परियोजनाले प्राप्त गरेको अङ्क सहितको विवरण प्रस्ताव मूल्याङ्कन उपसमितिले कार्यकारी समितिसमक्ष पेश गर्नेछ।

(७) उपदफा (६) बमोजिम प्राप्त विवरणका आधारमा कार्यकारी समितिले परियोजनाको एकिकृत मूल्याङ्कन प्रतिवेदन तयार गरी कर्जा प्रवाहको लागि परियोजनाको छनौट एवम् सिफारिस गर्नेछ।

(८) उपदफा (७) बमोजिम सिफारिस गर्दा परियोजना प्रस्तावमा माग गरिएको कर्जा रकममा नबढ्ने गरी अधिकतम पच्चीस लाख रुपैयासम्म कर्जा प्रवाहको सिफारिस गर्नुपर्नेछ।

तर कुनै परियोजनाका लागि माग गरेको रकमभन्दा घटी रकमबाट उक्त परियोजना सञ्चालन हुने पर्याप्त आधार र कारण भएमा त्यस्तो आधार र कारण उल्लेख गरी उद्यमीले माग गरेको भन्दा घटी रकम कर्जा प्रवाहको लागि सिफारिस गर्न सकिनेछ।

(९) उपदफा (८) बमोजिम सिफारिस भएको परियोजनाको विवरण सचिवालयले विद्युतीय पोर्टलमा प्रविष्टी गरी कर्जा प्रवाहको लागि बैङ्कलाई लेखी पठाउनु पर्नेछ र सोको जानकारी सम्बन्धित परियोजना प्रस्तावकको अतिरिक्त निर्देशक समिति र नेपाल राष्ट्र बैङ्कलाई गराउनुपर्नेछ।

(१०) उपदफा (९) बमोजिम सिफारिस गरिएको मितिले पन्ध्र कार्यदिन भित्र सम्बन्धित परियोजना प्रस्तावकले कर्जा सम्झौता गर्न बैङ्कमा सम्पर्क गर्नुपर्नेछ। अन्यथा त्यस्तो सिफारिस निजको हकमा स्वतः रद्द हुनेछ।

(११) उपदफा (१०) बमोजिम सिफारिस रद्द भएबाट मूल्याङ्कन सूचीमा वैकल्पिक उच्च अङ्क प्राप्त गर्ने परियोजनालाई कर्जा प्रवाहका लागि सिफारिस गरिनेछ।

१०. <u>कर्जा प्रवाहः</u> (१) कार्यकारी समितिले गरेको सिफारिसको आधारमा सम्बन्धित प्रस्तावक उद्यमीलाई बैङ्कले दुई किस्तामा कर्जा प्रवाह गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम कर्जा प्रवाह गर्नु अघि बैङ्कले कर्जा प्राप्त गर्ने तरिका, कर्जाको सीमा, किस्ता बुझाउनु पर्ने अवधि, कर्जा चुक्ताका लागि साँवा फिर्ता र ब्याज भुक्तानी अवधि तथा प्रक्रिया समेत उल्लेख गरी सम्बन्धित प्रस्तावक उद्यमीसँग सम्झौता गर्नु पर्नेछ।

तर त्यस्तो सम्झौता गर्दा कर्जाको साँवा फिर्ता कर्जा लिएको तेस्रो वर्षबाट प्रारम्भ हुने गरी गरिनेछ भने ब्याजदर एक प्रतिशत भन्दा बढी हुनेछैन।

(३) उपदफा (२) बमोजिम बैङ्कले उद्यमीसँग गरेको परियोजना सम्झौताको जानकारी कार्यकारी समितिको सचिवालयलाई त्यसरी सम्झौता गरेको सात दिनभित्र दिनु पर्नेछ।

(४) उपदफा (२) बमोजिमको सम्झौता बैङ्कले आफ्नो शाखा कार्यालय मार्फत समेत गर्न सक्नेछ।

(५) उपदफा (२) बमोजिम सम्झौता भएपछि सम्बन्धित बैङ्कले उद्यमीलाई तीन दिनभित्र कर्जाको प्रथम किस्ता उपलब्ध गराउनु पर्नेछ।

(६) उपदफा (५) बमोजिम उपलब्ध गराइएको प्रथम किस्ताको रकम सम्बन्धित ऋणीले स्टार्टअप व्यवसायमा पुँजीगत प्रयोजनको लागि उपयोग गरेको पुष्ट्याँइ सहित दोस्रो किस्ता माग गरेमा बैङ्कले स्थलगत निरीक्षण गरी प्रगतिको आधारमा स्वीकृत कुल कर्जा सीमाभित्र रहेर उद्यमीलाई अन्तिम किस्ता कर्जा उपलब्ध गराउनेछ।

(७) उपदफा (५) वा (६) बमोजिम उद्यमीलाई उपलब्ध गराएको कर्जाको कागजात समेत संलग्न गरी शोधभर्नाका लागि बैङ्कले नेपाल राष्ट्र बैङ्कमा माग गर्नु पर्नेछ।

११. <u>कर्जाको धितो तथा कर्जा सुरक्षण:</u> (१) यस कार्यविधि बमोजिम कर्जा प्रवाह गर्दा परियोजनालाई धितोको रूपमा राखिनेछ।

(२) यस कार्यविधि बमोजिम प्रवाह भएको कर्जाको सुरक्षण प्रचलित कानून बमोजिम नेपाल सरकारले गर्नेछ।

१२. <u>कर्जा भुक्तानी अवधि:</u> (१) स्टार्टअप व्यवसायको लागि छनौट भएको उद्यमीले लिएको कर्जाको साँवा र ब्याज अधिकतम सात वर्षमा नबढ्ने गरी तमसुकमा लेखिएको किस्ता बमोजिम चुक्ता गरिसक्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम चुक्ता गर्नुपर्ने रकम लगातार तीन किस्तासम्म चुक्ता नगरेमा बैङ्कले कार्यकारी समितिको सचिवालयलाई जानकारी गराउनुपर्नेछ। त्यस्तो जानकारीका आधारमा कार्यकारी समितिले कर्जा असुलीको लागि सम्बन्धित निकायलाई परिचालन गर्ने गराउनेछ।

(३) उपदफा (१) बमोजिम साँवा र ब्याज समेतको कर्जा चुक्ता नगरेमा उद्यमीलाई प्रचलित कानून बमोजिम कालोसूचीमा सूचिकृत गर्नुका साथै चुक्ता गर्न बाँकी रकम सरकारी बाँकी सरह असुल गरिनेछ।

१३. <u>कर्जा प्रवाह रकमको लागि खाता खोल्नुपर्ने:</u> (१) स्टार्टअप व्यवसायमा कर्जा प्रवाह गर्न नेपाल राष्ट्र बैङ्कमा एक छुट्टै खाता खोलिनेछ।

(२) उपदफा (१) बमोजिमको खातामा मन्त्रालयले आवश्यकताको आधारमा समय-समयमा रकम जम्मा गर्नेछ।

(३) दफा १० को उपदफा (७) बमोजिम बैङ्कले शोधभर्ना माग गरेको रकम विवरण प्राप्त भएको मितिले सात दिन भित्र नेपाल राष्ट्र बैङ्कले उपदफा (१) बमोजिमको खाताबाट उपलब्ध गराउनेछ।

(४) दफा १२ बमोजिम असुल भएको किस्ता रकमबाट सम्बन्धित बैङ्कले दफा १४ को खण्ड (ख) बमोजिमको सेवा शुल्क कट्टा गरी बाँकी रकम सात दिनभित्र नेपाल राष्ट्र बैङ्कमा फिर्ता बुझाउनु पर्नेछ।

(५) उपदफा (४) बमोजिम प्राप्त भएको रकम नेपाल राष्ट्र बैङ्कले उपदफा (१) बमोजिमको खातामा जम्मा गर्दै जानुपर्नेछ र त्यसको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको एक महिना भित्र मन्त्रालयसमक्ष पेश गर्नुपर्नेछ।

(६) खातामा रहेको रकमको प्रयोजन समाप्त भएपछि नेपाल राष्ट्र बैङ्कले नेपाल सरकारलाई फिर्ता गर्नुपर्नेछ।

१४. <u>बैङ्कले शुल्क लिन सक्नेः</u> यस कार्यविधि बमोजिम कर्जा प्रवाह गर्ने बैङ्कले देहाय बमोजिमको रकम लिन सक्नेछः-

(क) उद्यमी र बैङ्क बिच सम्झौता गरी कर्जा प्रवाह गर्दा प्रशासनिक शुल्क बापत एक पटकको लागि सम्बन्धित उद्यमीबाट अधिकतम पाँच सय रूपैयासम्म, र

(ख) उद्यमीले लिएको कर्जाको सेवा शुल्क बापत दफा १२ को उपदफा (१) बमोजिम फिर्ता प्राप्त भएको किस्ता रकम मध्ये साँवा रकमको एक प्रतिशत।

१५. <u>प्रशिक्षक (मेन्टर) सम्बन्धी व्यवस्थाः</u> (१) यस कार्यविधि बमोजिमको कर्जाबाट सञ्चालित स्टार्टअप व्यवसायलाई उत्प्रेरित गरी उद्यमीको काममा आत्मविश्वास बढाउन कार्यकारी समितिले सम्बन्धित विषयको विज्ञ प्रशिक्षक (मेन्टर) को सूची (रोस्टर) तयार गरी वेव साइट मार्फत प्रकाशन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम सूचीकृत हुने विज्ञ प्रशिक्षक (मेन्टर) को योग्यता निर्देशक समितिले तोके बमोजिम हुनेछ।

(३) उपदफा (१) बमोजिमको सूची (रोस्टर) बाट कार्यकारी समितिको सिफारिसमा निर्देशक समितिले निश्चित परियोजनामा विज्ञ परामर्श उपलब्ध गराउने गरी प्रशिक्षक (मेन्टर) को नियुक्ति र परिचालन गर्न सक्नेछ।

(४) उपदफा (३) बमोजिम प्रशिक्षक (मेन्टर) नियुक्त भइ परिचालन भएको अवस्थामा निजको पारिश्रमिक र सेवा सुविधा अर्थ मन्त्रालयसँग सहमति लिई निर्देशक समितिले तोके बमोजिम हुनेछ।

(५) निजी उद्योगी व्यवसायीको छाता सङ्गठनले कार्यकारी समितिलाई जानकारी गराएर त्यस्ता सङ्गठनको तर्फबाट स्टार्टअप व्यवसायलाई विज्ञ परामर्श उपलब्ध गराउन अनुभवी तथा सफल उद्यमी व्यवसायीलाई स्वयंसेवक प्रशिक्षक (मेन्टर) को रूपमा परिचालन गर्न सक्नेछन्।

(६) उपदफा (५) बमोजिम प्रशिक्षक (मेन्टर) परिचालन भएको अवस्थामा त्यस्ता प्रशिक्षक (मेन्टर) ले परामर्श सेवा उपलब्ध गराएको उद्यमीको सूची, अवधि र सोबाट प्राप्त उपलब्धी सहितको प्रतिवेदन निजी उद्योगी व्यवसायीको छाता सङ्गठन मार्फत कार्यकारी समितिमा पेश गर्नुपर्नेछ।

(७) उपदफा (६) बमोजिम पेश भएको प्रतिवेदन समेतको मूल्याङ्कनका आधारमा स्वयंसेवक प्रशिक्षक (मेन्टर) लाई कार्यकारी समितिको सिफारिसमा निर्देशक समितिले सम्मानको व्यवस्था गर्न सक्नेछ।

(८) उपदफा (३) र (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि स्टार्टअप व्यवसाय गर्ने उद्यमीले उपदफा (१) बमोजिमको सूची (रोष्टर) बाट आफ्नो आवश्यकता अनुसार प्रशिक्षक (मेन्टर) को सेवा उपयोग गर्न सक्नेछ र त्यस्तो अवस्थामा प्रशिक्षक (मेन्टर) को सेवा सुविधा बापतको पारिश्रमिक उद्यमी स्वयंले व्यहोर्नुपर्नेछ।

१६. **<u>अनुगमन गर्ने:</u>** (१) कर्जाबाट सञ्चालित स्टार्टअप व्यवसाय नियमित रूपमा सञ्चालन भए वा नभएको सम्बन्धमा कार्यकारी समिति तथा कर्जा प्रवाह गर्ने बैङ्कले समय समयमा अनुगमन गर्न वा गराउन सक्नेछ। त्यसरी अनुगमन गरेको प्रतिवेदन पन्ध्र दिनभित्र अनुसूची-३ बमोजिमको ढाँचामा निर्देशक समिति समक्ष पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम अनुगमन गर्दा सो कार्यमा सहयोग गर्नु कर्जा प्राप्त गर्ने उद्यमीको कर्तव्य हुनेछ।

(३) उपदफा (१) बमोजिम अनुगमन गर्दा वा गराउँदा यस कार्यविधि विपरीत हुने गरी कुनै व्यवसाय गरे वा गराएको पाइएमा अनुगमन गर्न खटिएको कार्यकारी समितिको सदस्य वा बैङ्कको कर्मचारीले निश्चित समयावधि तोकी त्यस्तो व्यवसायमा सुधार गर्न सम्बन्धित उद्यमीलाई आवश्यक निर्देशन दिन सक्नेछ।

(४) उपदफा (३) बमोजिम दिइएको निर्देशन अनुरूप निर्धारित समयावधिभित्र आवश्यक सुधार भएको नपाइएमा कार्यकारी समिति वा सम्बन्धित बैङ्कले त्यस्तो उद्यमीलाई साँवा र व्याज सहित कर्जा फिर्ता गर्न निर्देशन दिन सक्नेछ।

(५) उपदफा (४) बमोजिम निर्देशन दिँदा पनि त्यस्तो कर्जा फिर्ता नगरेमा सो रकम प्रचलित कानून बमोजिम सरकारी बाँकी सरह असुल गरिनेछ।

१७. **<u>प्रतिवेदन पेश गर्नुपर्नेः</u>** (१) कर्जा प्राप्त गर्ने उद्यमीले अर्धवार्षिक रूपमा आफूले गरेको व्यवसायको प्रगति प्रतिवेदन कार्यकारी समितिको सचिवालयमा र कर्जा प्रवाह गर्ने बैङ्क समक्ष पेश गर्नु पर्नेछ।

(२) कार्यकारी समितिले कर्जा प्रवाह गरिएका परियोजनाको प्रगतिको अवस्था र सोबाट प्राप्त उपलब्धि स्पष्ट खुलाई वार्षिक प्रतिवेदन तयार गरी निर्देशक समिति समक्ष पेश गर्नु पर्नेछ।

१८. **<u>गुनासो सम्बन्धी व्यवस्थाः</u>** (१) यस कार्यविधि बमोजिम कार्यकारी समितिले सिफारिस गरेको आधारमा बैङ्कले कर्जा प्रवाह नगरेमा उद्यमीले कार्यकारी समिति समक्ष लिखित वा मौखिक गुनासो गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम कुनै गुनासो प्राप्त भएमा आवश्यक छानविन गरी त्यस्तो गुनासो सम्बोधन गर्न कार्यकारी समितिले बैङ्कलाई आवश्यक निर्देशन दिनेछ।

१९. **<u>पुरस्कृत गर्न सकिनेः</u>** यस कार्यविधि बमोजिम कर्जा प्राप्त गरी प्रभावकारी रूपमा परियोजना कार्यान्वयन गरेर व्यवसायको विस्तार (स्केलअप) गर्न सफल उद्यमीलाई निर्देशक समितिको सिफारिसमा नेपाल सरकारले पुरस्कृत गर्न सक्नेछ।

२०. **<u>आयकर छुटको लागि आधारः</u>** यस कार्यविधि बमोजिम कर्जा लिएर स्टार्टअप व्यवसाय गर्ने उद्यमीलाई आन्तरिक राजस्व विभागले तोकेबमोजिमको प्रक्रियाका आधारमा आयकर छुट दिइनेछ।

२१. **<u>असल नियत र जवाफदेहिताः</u>** (१) यस कार्यविधि बमोजिम हुने कर्जा प्रवाह प्रकृयामा संलग्न प्रत्येक व्यक्ति र निकायले असल नियतले काम गर्नुपर्नेछ।

(२) यस कार्यविधि बमोजिम कार्य सम्पादन गर्ने क्रममा मूल्याङ्कन उपसमिति कार्यकारी समितिप्रति र कार्यकारी समिति निर्देशक समितिप्रति जवाफदेही हुनेछ।

२२. **<u>प्रचलित कानून बमोजिम हुनेः</u>** यस कार्यविधिमा उल्लेख नभएको वा स्पष्ट नभएको विषयमा प्रचलित कानून बमोजिम हुनेछ।

२३. **<u>आवश्यक व्यवस्था मिलाउन सक्नेः</u>** यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा उत्पन्न भएमा मन्त्रालयले आवश्यक व्यवस्था मिलाउनेछ।

***

अनुसूची - १

(दफा ८ को उपदफा (४) सँग सम्बन्धित)

उद्यमीले पेश गर्ने परियोजना प्रस्तावको ढाँचा

क. प्रस्तावकको परिचयः

१. प्रस्तावकको किसिम (कुनै एकमा चिन्ह लगाउने):

प्राइभेट फर्म □ साझेदारी फर्म □ कम्पनी □

२. प्राइभेट फर्मको हकमाः

i. प्रस्ताव पेश गर्ने प्रोप्राइटरको नाम थरः ------------------------------

ii. स्थायी ठेगानाः प्रदेशः ------------- जिल्लाः -------------- गा.पा./न.पा./उ.म.न.पा./म.न.पा.: --------------------------- वार्ड नं.: ---- टोलः ----------------

iii. हालको बसोबासः प्रदेशः ------------- जिल्लाः -------------- गा.पा./न.पा./उ.म.न.पा./म.न.पा.: --------------------------- वार्ड नं.: ---- टोलः ----------------

iv. नागरिकता नम्बरः --------- जारी गरिएको जिल्लाः ------------- जारी मितिः------------

v. दर्ता भएको फर्मको नामः ------------------------- शुरु दर्ता भएको निकायः -------------- दर्ता मितिः ------------------- दर्ता नम्बरः -------------- स्थायी लेखा नम्बरः ------------ कारोबार सुरू गर्न इजाजत आवश्यक पर्ने संस्थाको हकमा इजाजत जारी गर्ने निकायः --------------- इजाजत प्राप्त मितिः -------------- इजाजत बहाल रहने अवधीः ---------------

vi. मुख्य कारोबार स्थल वा कार्यालय रहेको ठेगानाः प्रदेशः ------------- जिल्लाः ------------- गा.पा./न.पा./उ.म.न.पा./म.न.पा.: ----------------- वार्ड नं.: ---- टोलः --------------- टेलिफोन नं.: ----------- प्रोप्राइटरको मोबाइल नं.: ------------- इमेलः ------------------

३. साझेदारी फर्म वा कम्पनीको हकमाः

i. साझेदारी फर्म / कम्पनीको नामः -------------------------------- शुरु दर्ता भएको निकायः ---------------------------- दर्ता मितिः ------------------- दर्ता नम्बरः -------------- स्थायी लेखा नम्बरः -------- कारोबार सुरू गर्न इजाजत आवश्यक पर्ने संस्थाको हकमा इजाजत जारी गर्ने निकायः ------------------------- इजाजत प्राप्त मितिः -------------- इजाजत बहाल रहने अवधीः ---------------

ii. मुख्य कारोबार स्थल वा कार्यालय रहेको ठेगानाः प्रदेशः ------------- जिल्लाः ------------- गा.पा./न.पा./उ.म.न.पा./म.न.पा.: ----------------- वार्ड नं.: ---- टोलः --------------- टेलिफोन नं.:-------------- ईमेलः -----------------

iii. आधिकारिक प्रतिनिधिको नाम थरः ------------------------------ पद/दर्जाः------------- टेलिफोन नं.: ---------------- मोबाइल नं.: ----------------- इमेलः ------------------

ख. प्रस्तावित परियोजना सम्बन्धी विवरणः

१. परियोजनाको परिचय (२०० शब्दमा नबढ्ने गरी): --------

२. परियोजनाको उद्देश्य (५० शब्दमा नबढ्ने गरी): --------

३. उद्यम क्षेत्र (दफा ४ सँग सम्बन्धित): ---------------

४. परियोजनाको कुल अनुमानित लागत रु. ---------- हालसम्म परियोजनामा भएको खर्च रु. -------

५. परियोजना विश्लेषणः

i. स्टार्टअप व्यवसायको रूपमा रहने आधार (दफा ३ अनुसारका मापदण्ड; सम्बन्धित सबैमा चिनो लगाउने):

(क) वस्तु उत्पादन वा सेवा प्रवाहमा नवीन ज्ञान, सोच, सीप वा प्रविधिको प्रयोगः हुन्छ □ हुँदैन □

(ख) मौजुदा उत्पादन प्रणालीमा सुधार गरी आधुनिक प्रणालीको माध्यमबाट उत्पादनः हुन्छ □ हुँदैन □

(ग) छोटो समयमा नै द्रुततर स्तरवृद्धि गर्न सक्ने सम्भावनाः छ □ छैन □

(घ) गत आर्थिक वर्षको कुल खर्च रु. ....; सोही अवधीमा अनुसन्धान, बजारीकरण वा वस्तु तथा सेवा विकासका लागि गरिएको खर्च रु. ...., अनुपातः .... प्रतिशत

(ङ) प्रोप्राइटर/साझेदार/शेयरधनीले हालसम्म गरेको स्वलगानी (चुक्ता पुँजी) रु. .... कर्जा प्राप्तिको लागि माग गरिएको रकम रु. .... कर्जा माग/चुक्ता पुँजी अनुपातः .... प्रतिशत

(च) पूर्णकालीन कामदारको सङ्ख्याः ...... जना

(छ) वस्तु वा सेवाको खरिदबिक्रीको (एजेन्सी मोडलको) कार्य गर्नेः हो □ हैन □

(ज) भइरहेको अन्य कम्पनीलाई टुक्र्याएर प्रस्तावित व्यवसाय बनाइएकोः हो □ हैन □

(झ) प्रस्ताव पेश गर्दाको समयमा उद्यम स्थापना भएकोः

- एक वर्ष अवधी पूरा भएकोः छ □ छैन □
- सात वर्ष अवधि पूरा भएकोः छ □ छैन □

(ञ) गत आर्थिक वर्षको व्यवसायिक कारोबारः रू. ....

(ट) कर्जा सूचना केन्द्रको कालो सूचीमाः रहेको □ नरहेको □

(ठ) प्रस्तावित परियोजनाको लागि नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहबाट हालसम्म अन्य कुनै अनुदान वा सहुलियतः लिएको □ नलिएको □

(ड) प्रस्तावित परियोजना कस्तो हो? नाफामूलक □ गैरनाफामूलक □

ii. परियोजना सञ्चालनबाट हुने नवप्रवर्तनीय कार्य (मिल्ने कुनै एकमा चिनो लगाउने):
- नितान्त नयाँ सोच, सीप र प्रविधिको विकास □ भइरहेको सीप र प्रविधिमा परिमार्जन □

iii. एक वर्षको अवधीमा थप रोजगारी सिर्जनाको सम्भाव्य सङ्ख्याः -------

iv. परियोजनाबाट उत्पादित वस्तु वा सेवा बिक्रीको बजार (कुनै एकमा चिनो लगाउने):
- स्वदेशी बजार □ अन्तर्राष्ट्रिय बजार □ स्वदेशी तथा अन्तर्राष्ट्रिय दुवै बजार □

v. परियोजनामा प्रयोग हुने श्रम तथा कच्चा पदार्थको स्रोत (कुनै एकमा चिनो लगाउने):
- श्रमः सबै स्वदेशी □ अधिकतम स्वदेशी □ अधिकतम विदेशी □ पूर्ण विदेशी □
- कच्चा पदार्थः सबै स्वदेशी □ अधिकतम स्वदेशी □ अधिकतम विदेशी □ पूर्ण विदेशी □

vi. मुख्य उद्यमीको शैक्षिक योग्यताः............. प्रस्तावित परियोजनाको क्षेत्रमा अनुभवः .... वर्ष

vii. जोखिम व्यवस्थापनः
- परियोजनाको जोखिम विश्लेषण कार्यः गरिएको □ नगरिएको □
- गरिएको भए जोखिमको विषय (५० शब्दमा): ....
- जोखिम न्यूनीकरण तथा व्यवस्थापनको योजना (१०० शब्दमा): ....

viii. परियोजना विस्तार तथा पुनरावृतिको सम्भावना (कुनै एकमा चिनो लगाउने):
- परियोजनामा २ वर्ष भित्र लगानी तथा उत्पादन वृद्धिको सम्भावनाः छ □ छैन □
- परियोजनाको ट्रेडमार्क बिक्रीको सम्भावनाः छ □ छैन □

ix. परियोजनाबाट वस्तु वा सेवा प्रवाहमा सुधार (कुनै एकमा चिनो लगाउने):
- विद्यमान वस्तु उत्पादन वा सेवा प्रवाहको गुणस्तर सुधारः हुन्छ □ हुँदैन □
- विद्यमान वस्तु उत्पादन वा सेवा प्रवाहको वित्तीय लागतः घटाउँछ □ घटाउँदैन □

- विद्यमान वस्तु उत्पादन वा सेवा प्रवाहको समयः घटाउँछ □ घटाउँदैन □

x. परियोजनाकोः

- सबल पक्ष (१०० शब्दमा नबढ्ने गरी): -----------------
- कमजोर पक्ष (१०० शब्दमा नबढ्ने गरी): -----------------
- अवसर (१०० शब्दमा नबढ्ने गरी): -----------------
- चुनौती (१०० शब्दमा नबढ्ने गरी): -----------------

xi. परियोजनाले वस्तु वा सेवा उत्पादन र बिक्री बिक्री वितरण आरम्भ गरेको मितिः ------------- वा आरम्भ हुने अपेक्षित मितिः ----------------

xii. परियोजना मुनाफामा जाने अपेक्षित आर्थिक वर्षः ---------

xiii. परियोजना स्थलमा पूर्वाधारको अवस्था (सम्बन्धित सबैमा चिनो लगाउने):

- विद्युत □ सडक □ सञ्चार □ खानेपानी □ भवन □

ग. प्रस्तावको साथमा संलग्न गर्नु पर्ने कागजात (स्क्यान गरी विद्युतीय पोर्टलमा अपलोड गर्ने):

१. प्राइभेट फर्म/साझेदारी फर्म/कम्पनीको दर्ता प्रमाणपत्र (साझेदार फर्मको हकमा साझेदारीहरू बीचको सम्झौता पत्र समेत),

२. स्थायी लेखा नम्बर प्रमाणपत्र,

३. कर चुक्ता प्रमाणपत्र, र

४. प्रस्तावक (साझेदारी फर्म वा कम्पनीको हकमा आधिकारिक प्रतिनिधि) को नागरिकताको प्रमाणपत्र र हालसालै खिचिएको फोटो।

- *उपरोक्तानुसारको विवरण विद्युतीय पोर्टलमा प्रविष्टी गरिसके पश्चात प्रस्तावकले पेश गरेका सबै विवरण ठीक दुरूस्त छ भनी स्वप्रमाणित (चेकबक्स छनौट) गर्नुका साथै कर्जा प्रवाहसम्बन्धी शर्त स्वीकारोक्तिको प्रतिबद्धता सहित विद्युतीय पोर्टल मार्फत प्रस्ताव पेश गर्नुपर्नेछ।*
- *प्रस्ताव पेश भएपश्चात आवेदकको ईमेलमा प्राप्त हुने भेरिफिकेशन लिङ्क वा मोबाइल नम्बरमा प्राप्त भेरिफिकेशन कोड प्रविष्टी गरेसँगै प्रस्ताव पेश भएको मानिनेछ।*

अनुसूची - २

(दफा ९ को उपदफा (४) सँग सम्बन्धित)

परियोजना प्रस्ताव मूल्याङ्कनको आधार

१. स्टार्टअप व्यवसायका लागि तोकिएका मापदण्ड पूरा गरेको (कुनै एक छान्ने) - १०

(क) न्यूनतम ४ वटा मापदण्ड पूरा भएको - ५

(ख) न्यूनतम ५ वटा मापदण्ड पूरा भएको - ७

(ग) तोकिएका सबै मापदण्ड पूरा भएको - १०

२. परियोजनाबाट अपेक्षित नवप्रवर्तनीय कार्य - १५

(क) नितान्त नयाँ सीप र प्राविधिको विकास र प्रयोग - १५

(ख) भइरहेको सीप र प्रविधिमा परिमार्जन सहितको प्रयोग - १०

३. सोचलाई उद्यमशीलतामा रुपान्तरण गर्न सकिने सम्भावना (बहु छनौट) - २०

(क) स्पष्ट दृष्टिकोण सहितको कार्ययोजना - ४

(ख) प्राविधिक रुपमा सम्भाव्य - ४

(ग) आर्थिक स्रोत व्यवस्थापनको सम्भावना - ४

(घ) सामाजिक तथा सांस्कृतिक रुपले स्वीकारयोग्य - ४

(ङ) वातावरणीय दिगोपनामा योगदान - ४

४. आगामी एक वर्षको अवधीमा पूर्णकालीन थप रोजगारी सृजनाको सम्भावना (कुनै एक छान्ने) - १०

(क) ५ जनासम्म थप रोजगारी सृजना गर्ने - ४

(ख) ५ भन्दा माथि १० जनासम्म थप रोजगारी सृजना गर्ने - ६

(ग) १० भन्दा माथि १५ जनासम्म थप रोजगारी सृजना गर्ने - ८

(घ) १५ भन्दा बढी थप रोजगारी सृजना गर्ने - १०

५. वस्तु वा सेवा उत्पादन पछिको बजार सम्भावना (कुनै एक छान्ने) - १०

(क) स्वदेशी बजारको सम्भावना - ७

(ख) अन्तराष्ट्रिय बजारको सम्भावना - ७

(ग) स्वदेशी तथा अन्तर्राष्ट्रिय दुवै बजारको सम्भावना - १०

६. प्रत्यक्ष श्रम तथा कच्चा पदार्थको स्रोत (कुनै एक छान्ने) - ५

(क) पूर्णरूपमा स्वदेशी श्रम र कच्चा पदार्थमा आधारित - ५

(ख) न्यूनतम ५० प्रतिशतसम्म स्वदेशी श्रम र कच्चा पदार्थमा आधारित - ३

(ग) ५० प्रतिशत भन्दा बढी विदेशी श्रम र कच्चा पदार्थमा आधारित - १

७. उद्यमीको योग्यता र अनुभव (कुनै एक छान्ने) - ५

(क) प्रस्तावित परियोजनाको विषयक्षेत्रमा उद्यमीले स्नातक वा सो भन्दा माथिल्लो तहको शिक्षा हासिल गरेको - ३

(ख) प्रस्तावित परियोजनाको विषयक्षेत्रमा उद्यमीले विगतमा न्यूनतम २ वर्षको कार्य अनुभव हाँसिल गरेको - ३

(ग) (क) र (ख) को दुवै अवस्था रहेको - ५

८. जोखिम विश्लेषण तथा व्यवस्थापन (कुनै एक छान्ने) - ५

(क) प्रस्तावित परियोजनाको जोखिम विश्लेषण गरेको - २

(ख) जोखिम विश्लेषणसँगै जोखिम न्यूनीकरण तथा व्यवस्थापनको योजना समेत रहेको - ५

९. प्रस्तावित परियोजना विस्तार वा अन्यत्र पुनरावृति हुन सक्ने सम्भावना (कुनै एक छान्ने)-५

(क) परियोजनामा लगानी तथा उत्पादन वृद्धिको सम्भावना - ३

(ख) परियोजनाको ट्रेडमार्क बिक्रीको सम्भावना - ३

(ग) लगानी तथा उत्पादन वृद्धि र ट्रेडमार्क बिक्री दुवैको सम्भावना - ५

१०. वस्तु तथा सेवा प्रवाहको गुणस्तर अभिवृद्धि र लागत न्यूनीकरण (कुनै एक छान्ने) - ५

(क) विद्यमान वस्तु उत्पादन वा सेवा प्रवाहको गुणस्तर अभिवृद्धि गर्ने सम्भावना - ३

(ख) विद्यमान वस्तु उत्पादन वा सेवा प्रवाहको लागत र समय घटाउने सम्भावना - ३

(ग) विद्यमान वस्तु उत्पादन वा सेवा प्रवाहको गुणस्तर अभिवृद्धि गर्ने तथा लागत र समय घटाउने सम्भावना - ५

११. प्रस्तुतीकरणको क्रममा भएको छलफल अन्तरक्रिया (बहु छनौट) - १०

(क) परियोजना प्रतिको आत्मविश्वास - अधिकतम २

(ख) परियोजनाको SWOT Analysis गर्न सक्ने क्षमता - अधिकतम ३

(ग) परियोजनासँग अन्तरसम्बन्धित विषयको बोध - अधिकतम २

(घ) रणनीतिक कुशलता - अधिकतम ३

अनुसूची - ३

(दफा १६ को उपदफा (१) सँग सम्बन्धित)

<u>अनुगमन प्रतिवेदनको ढाँचा</u>

१. परियोजनाको नामः ---------------------------------- ठेगानाः ------------------------------
सम्पर्क टेलिफोन/मोबाइल नं.: ---------------

२. परियोजना कार्यान्वयन गर्ने उद्यमीको नामः ------------------------------

३. परियोजना स्वीकृत भएको मितिः ----------------------

४. परियोजना प्रस्तावक र बैङ्कबिच कर्जा सम्झौता मितिः ---------------

५. परियोजनामा प्रवाह गरिएको कर्जाः जम्मा रु. ---------
प्रथम किस्ता कर्जाः लिएको/ नलिएको (लिएको भए कर्जा रुः -----------------)
दोस्रो किस्ता कर्जाः लिएको/ नलिएको (लिएको भए कर्जा रुः -----------------)

६. परियोजनाको सुरू वर्षः ---------------

७. परियोजना सम्पन्न हुनु पर्ने वर्षः ---------------

८. परियोजनाको शुरू लागत रकमः ---------------

९. परियोजनाको प्रशिक्षक (मेन्टर) को नाम (भएमा): ------------------ टेलिफोन/मोबाइल नं.: ----------

१०. यसअघि भएको अनुगमनः मिति ---------- अनुगमन गर्ने निकायः -------------
मिति ---------- अनुगमन गर्ने निकायः -------------
मिति ---------- अनुगमन गर्ने निकायः -------------

११. परियोजनाको शुरू मूल्याङ्कन तथा छनौट गर्दा लिइएका आधारहरू बमोजिम प्रगतिको अवस्थाः
(क)-----------
(ख)-----------
(ग) -----------
(घ) -----------

१२. परियोजना कार्यान्वयनमा देखिएका समस्या र कारणः ---------------

१३. समस्या समाधान गर्न सम्बन्धित तहबाट भएको प्रयासः ------------------

१४. समस्या समाधान गर्ने जिम्मेवार निकाय/अधिकारीः -------------------

१५. अनुगमन गर्ने अधिकारीबाट दिइएका मुख्य सुझावः --------------------

१६. दिइएका सुझावमा उद्यमीको प्रतिक्रियाः ------------------------

१७. अनुगमन मितिः ------------------

१८. अनुगमन गर्ने अधिकारीको नामः ---------------
दर्जाः ---------------
कार्यालयः ---------------
दस्तखतः -----------
मितिः ---------------